(दफा ४ तथा अनुसूची (१) को भाग (२) सँग सम्बन्धित)


विराटनगर महानगरपालिका

स्थानीय राजपत्र

खण्डः६ | सङ्ख्याः६ | राजपत्रमा प्रकाशित मितिः२०८०/१०/२१


भाग १

# विराटनगर महानगरपालिकाको सहकारी ऐन २०७५

## दोश्रो संसोधन, २०८०

विराटनगर महानगरपालिकाको सहकारी ऐन २०७५

दोस्रो संसोधन, २०८० *प्रमाणीकरण मितिः २०८०/१०/१७*

| क्र.सं. | दफा/उपदफा | साविकको व्यवस्था | संशोधित व्यवस्था |
| --- | --- | --- | --- |
| १. | परिच्छेद २ को उपदफा ३ क) | ३. क) थप गर्ने। | <u>परिच्छेद-२</u><br><u>सहकारी संस्थाको गठन तथा दर्ता र नगर सहकारी समितिको गठन</u><br>३. क) समतिको गठन र काम, कर्तव्य र अधिकारः<br>(१) विराटनगर महानगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुको दर्ता, सञ्चालन, नियमन र प्रवर्द्धनका लागि कार्यपालिकाले देहायको नगर सहकारी समिति गठन गर्नेछः<br>(क) नगर प्रमुख -संयोजक<br>(ख) नगर उप प्रमुख- सह संयोजक<br>(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>(घ) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरुमध्येबाट एक महिलासहित दुई जना -सदस्य<br>(ङ) कार्यपालिकाले मनोनित गरेको नगर क्षेत्रभित्रका भिन्न भिन्न प्रकृतिका सहकारी संस्थाबाट प्रतिनिधित्व हुने गरी सहकारी संस्थाका एक जना महिलासहित तीन जना -सदस्य<br>(च) सहकारी शाखा हेर्ने अधिकृत – सदस्य सचिव<br>(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(क) सहकारी सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम बनाउने।<br>(ख) सहकारीको साधारणसभामा जटिलता उत्पन्न भएमा आवश्यक निर्णय गर्ने।<br>(ग) संस्थाको अनुगमन गर्ने/गराउने।<br>(घ) दर्ता गर्ने अधिकारीबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय गरी समय समयमा कार्यपालिकामा प्रतिवेदन पेश गर्ने।<br>(ङ) सहकारी संस्था सम्बन्धी प्रत्येक वर्ष वार्षिक निति तर्जुमा गर्ने तथा समीक्षा गर्ने।<br>(च) समितिले सहकारी संस्थाहरुको दर्ता सम्बन्धमा दर्ता गर्ने अधिकारीलाई आवश्यक निर्देशन दिने। |

| | | | |
|---|---|---|---|
| | | | (छ) यस ऐन र प्रचलित कानूनबमोजिम सहकारी संस्थाको खारेजी गर्ने, सजाय गर्ने, क्षतिपूर्ति भराउने र आवश्यक परे संस्थाहरुको पुनर्गठन गर्ने, एकीकृत गर्ने र असुल उपर गर्ने/गराउने। |
| २. | परिच्छेद ६ को दफा ३० | (१) सहकारी संस्थामा साधारणसभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ। तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन। | (१) सहकारी संस्थामा साधारणसभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ। |
| ३. | परिच्छेद ७ को दफा ३९ को उपदफा (३) | (३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा ऋण व्यवस्थापन शुल्क र नवीकरण शुल्क संस्थाको कार्यविधिले तोके बमोजिम हुनेछ। | (३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा रजिष्ट्रारले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नवीकरण शुल्क सम्बन्धित संस्थाको कार्यविधिले तोके बमोजिम हुनेछ। |
| ४. | परिच्छेद ११ को दफा ५२ को उपदफा १ | (१)संस्थाले देहायका विवरणहरु सहितको प्रतिवेदन आ.व. समाप्त भएको तीन महिनाभित्र दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नु पर्नेछः- | (१)संस्थाले प्रत्येक वर्ष देहायका विवरणहरु सहितको प्रतिवेदन तोकिएको समयभित्र दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नुपर्नेछः- |